# माछापुच्छ्रे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ०६ संख्याः ११ मितिः २०७९।१०।१७

### भाग-१

सम्बत् २०७९ सालको नियमावली नं. १

### माछापुच्छ्रे गाउँपालिका शिक्षा नियमावली २०७५

### (दोस्रो संशोधन २०७९)

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद १५ को दफा १०२ एवं माछापुच्छ्रे गाउँपालिका शिक्षा ऐन, २०७५ बमोजिम आधारभूत तथा माध्यमिक शिक्षालाई व्यवस्थित रुपमा सञ्चालन र व्यवस्थापन गर्न आवश्यक भएकोले माछापुच्छ्रे गाउँपालिकाद्धारा बनाइएको शिक्षा नियमावलीको २०७५ को मूल नियमावलीमा संशोधन गर्न वाञ्छनीय भएकोले माछापुच्छ्रे गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँपालिका गाउँसभाले मूल नियमावलीमा देहाय बमोजिम संशोधन गरेको छ ।

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| क्र.स. | हाल भएको | संशोधन गर्नुपर्ने | कारण |
|---|---|---|---|
| १ | गाउँ शिक्षा अधिकृत | शिक्षा अधिकृत | प्रचलित शब्द |
| २ | नियम १६ मा स्थानान्तरण गर्न थप गर्ने | छ) पालिका भित्र रहेका कुनै विद्यालयलाइ स्थानान्तरण गर्नुपर्ने देखिएमा सामाजिक विकास समिती संयोजक र शिक्षा शाखा द्वारा विद्यालयको अनुगमन गरि प्रदान गरेको प्रतिवेदनका आधारमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो विद्यालयलाई उचित ठानिएको स्थानमा स्थानान्तरण गर्न सक्नेछ\| | शिक्षा नियमावलीमा उल्लेखित कारणहरु पुरा नभएकोमा |
| ३ | नियम १८ को उपनियम २ को अन्यमा थप | तर निर्धारित पूर्वाधारका साथै दक्ष जनशक्तिको विकास र सोहि वर्षबाट कक्षा नियमित संचालन नभएमा सो अनुमति रद्द गर्न सक्नेछ\| | सोहि वर्षबाट कक्षा नियमित संचालनमा प्रोत्साहन तथा अनुमति लिएर राख्ने परिपाटीको अन्त्य |
| ४ | नियम २१ | सुरुमै शिक्षा शब्द थप<br>ठ) सदस्य सचिवको सट्टा संयोजक रख्ने<br>त) हटाउने | शब्द छुट भएकोले नियमावलीमा शिक्षा अधिकृतलाई संयोजक हुने उल्लेख गरेकोले इकाई प्रमुखको कार्य भएकोले |
| ५ | नियम २३ | उपाध्यक्ष वा<br>आधारभूत तहका प्र.अ. मध्येबाट १ जना थप<br>नियम २३ उपनियम ३ मा शिक्षकका पेशागत संघ, संघठन,परिषद लगायतका अध्यक्ष वा निजले तोकेका प्रतिनिधिलाइ आमन्त्रित गर्नसक्नेछन\| | गाउँ शिक्षा समिति १४ सदस्यीय भएकोमा १५ सदस्यीय बनाउनको लागि<br><br>शिक्षकका पेशागत संघ,संघठन लगायतलाई समाबेश गर्दा सबैको आवाजमाथि छलफल गर्न सकिने |
| ६ | नियम २५<br>***विद्यालय व्यवस्थापन समिति***<br>क)विद्यालयको अभिभावकहरुले आफहरुमध्येबाट छानी पठाएका कम्तीमा एक जना महिला सहित तीनजना-सदस्य<br>ख० वडा शिक्षा समितिले मनोनित | क) अभिवाकक मध्येबाट छानी पठाएको कम्तिमा १ महिला सहित**३** जना<br>ख) गाउँ शिक्षा समितिले मनोनित गरेको **१** जना<br>ग) वडा अध्यक्षले तोकेको सदस्य **१** जना<br>घ) वडा शिक्षा समितिले मनोनित गरेको सदस्य १ जना<br>घ)सस्थापक, चन्दादाता मध्येबाट वि.व्य.स. बाट मनोनित १ जना<br>ङ) विद्यालयका शिक्षकहरुलेआफु मध्येबाट पठाएको १ जना<br>च) प्रधानाध्यापक १ जना<br>**नोट : वडा अध्यक्ष सम्बन्धित वडाको सम्पूर्ण विद्यालयको संरक्षकको रुपमा हुनेछन।।**<br>नियम ६.घ) सम्बन्धित क्षेत्रको विद्यालय निरिक्षक को **सट्टा** शिक्षा अधिकृत राख्ने | गाउँ शिक्षा समिति, वडा शिक्षा समिति तथा विद्यालय विच सहकार्यको लागि<br><br>वडा अध्यक्षको जिम्मेवारी धेरैतिर हुने भएकोले विद्यालयमा पर्याप्त समय दिन नसक्ने तथा वडा अध्यक्ष |

| | | | |
|---|---|---|---|
| | गरेको कम्तीमा एकजना महिला सहिता २ जना – सदस्य ग ) वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य १ जना-सदस्य<br>घ )संस्थापक,चन्दा दाता मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना सदस्य<br>ङ ) शिक्षक प्रतिनिधि १ जना-सदस्य<br>ज ) प्रधानाध्यापक-सदस्य सचिव | | आफ्नो वडा भित्रका सम्पुर्ण विद्यालयहरुको संरक्षकको भूमिकामा रहने कुरा नियमावलीले उल्लेख गरेको<br><br>विद्यालय निरिक्षक नरहेको |
| ७ | नियम २८ ङ | हटाउने | संघीय शिक्षा नियमावली अनुसार बाझिएकोले |
| ८ | नियम ३१ | **नियम ३१.**<br>मा क थप गरि ३१.(क) सल्लाहकार समिति सम्बन्धि व्यवस्था(थप गर्ने )<br>विद्यालयले सस्थापक,चन्दादाता,शैक्षिक तथा सामाजिक क्षेत्रका व्यक्तिहरु सम्मिलित ५ जनासम्म सदस्य रहने गरि सल्लाहकार समिति गठन गर्न सक्नेछन \| सो सम्बन्धि कार्यविधि कार्यपालिकाले तोके बमोजिम हुनेछ \| | विद्यालयलाई समयानुकुल समग्र पक्षको गुणस्तर अभिबृद्धिको लागि मार्गदर्शन गर्न |
| ९ | नियम ३३ | **नियम ३३ थप गर्नुपर्ने**<br>क) सामाजिक विकास समितीका संयोजक -सदस्य<br>ख) आधारभुत विद्यालयका प्रअ एकजना थप गर्ने<br>**नियम ३३.क**<br>क)शिक्षा अधिकृत अध्यक्ष को सट्टा संयोजक राख्ने<br>ख) गाँउ शिक्षा समितीको परामर्शमा शिक्षा अधिकृतले मनोनित गर्ने<br>ग)शाखाको कर्मचारी सदस्यको सट्टा सदस्य सचिव राख्ने | शिक्षा क्षेत्र सामाजिक विकास भित्र पर्ने भएकोले सो को संयोजकलाई राख्नु उपयुक्त देखिएकोले आधारभूत तह संचालित विद्यालयहरुको प्रतिनिधित्वको लागि सो तहको प्र.अ.राख्दाउपयुक्त हुने देखिएकोले<br>अध्यक्ष भन्दा संयोजक शब्द बढि उपयुक्त |

माझपुच्छे गाँउ कार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| | | | समितिमा सदस्य सचिव उल्लेख नभएकोले |
| १० | नियम ४९ | **थप : उपनियम ५ को (घ)मा थप गर्ने**, तर निश्चित समय भित्र गाउँपालिकाले ताकेता लगाउदा पनि विद्यालय व्यवस्थापन समितिले कुनै सिफारिस दिन नसकेमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले प्रधानाध्यापकलाइ जुनसुकै बखत पनि प्र.अ. पदबाट हटाउन सक्नेछ ।<br>**उपनियम ८** प्रचलित कानुन बमोजिम थप गर्ने | कुनै जटिल परिस्थितिमा विद्यालय व्यवस्थापन समितिबाट निकास निस्कन नसकेमा<br><br>प्रचलित कानुन बमोजिम भन्दा सम्पूर्ण कानुनलाई समाबेश हुने भएकोले वढी उपयुक्त |
| ११ | **नियम ५३**<br>२०७४ चैत्र मसान्त भित्र विषयविज्ञको सूची अद्यावधिक गरिनेछ । सो सूची अध्यावधिक नगरेसम्म जिल्ला शिक्षा कार्यालय कास्कीले प्रकाशन गरेको विशेषज्ञ सूचीलाई प्रयोग गरिनेछ ।<br><br>स्रोतकेन्द्र हटाउनु पर्ने | ख) शिक्षा अधिकृत वा शिक्षा शाखाको कर्मचारी<br>माछापुच्छ्रे गाउँपालिकाको विशेषज्ञ सूचीलाई प्रयोग गरिनेछ । उक्त सुचिबाट विशेषज्ञ उपलब्ध हुन नसकेमा मात्र जिल्लाको विशेषज्ञ सूचीलाई प्रयोग गरिनेछ ।<br>घ पछाडी थप गर्ने<br>विषयविज्ञसुची प्रत्येक वर्ष अध्यावधिक गरिने छ विशेषज्ञा छनौट गर्दा गाँउ शिक्षा अधिकृत र सामाजिक बिकास समितिका संयोजक वा निजले तोकिएको कार्यपालिका सदस्यको रोहवरमा वि.व्या.स.अध्यक्ष र प्रअले गोला तानी परेको विज्ञलाई शिक्षा अधिकृतले फोन गरी बोलाउने छ ।<br><br>**उपनियम २.** छनौट सम्बन्धि कार्य गाउँपालिकाको कार्यालयमा गरिनेछ ।<br>**उपनियम ५**<br>छनौटसमितिकापदाधिकारीहरुकोउम्मेवारकोनातापरेकोव्यक्तीउम्मेदवारभएमाछनौटसमितीमा बस्नपाईनेछैन। | शाखा प्रमुख नभएको अवस्थामापनिकार्यस म्पादन निरन्तरताको लागि तथा शाखामा एक कर्मचारी भएकोले तोकिरहन नपर्ने<br>गाउँपालिकाको विज्ञ सूची प्रकाशन भएकोले विज्ञ सूचीमासमयानुकुल परिवर्तनको लागी<br><br>शिक्षक छनौट गर्दा सबैको रोहबरमागर्दा पारदर्शी हुने भएकोले<br><br>स्रोत केन्द्रको प्रावधान हटेकोले<br><br>समितिका पदाधिकारीको नाता परेको व्यक्ति उम्मेदवार भएमा परिक्षा निष्पक्ष हुन नसक्ने भएकोले |
| १२ | **नियम ५४** | **उपनियम ३** विद्यालयले शिक्षक रिक्त जनाकारी बढीमा एक हप्ता भित्रमा वि.व्य.स.को निर्णय सहित शिक्षा शाखामा जनाकारी दिनुपर्ने छ ।<br>**उपनियम ४** विद्यालयबाट प्राप्त भएको मितिले २१ दिन भित्र शिक्षक छनौट पकृया सम्पन्न गरी नियुक्तीका लागी विव्यास समक्ष सिफारिस गर्नुपर्नेछ। | करारमा शिक्षक छनौट गर्दा लाग्ने खर्च छनौट हुने शिक्षकबाट लिने व्यवस्था लाई हटाउदै |

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| | | उपनियम ५ शिक्षक छनौट प्रकृयाको सम्पुर्ण खर्च कार्यपालिकाले तोके बमोजिम हुनेछ।<br>**उपनियम १० हटाउने** | उक्त प्रक्रियाको सम्पूर्ण खर्च पालिकाले व्यहोर्दा शिक्षकलाई प्रोत्साहन तथा विद्यालयलाई राहत हुने भएकोले यस नियमावली संसोधन पछी विज्ञापनका सम्पूर्ण प्रक्रिया पालिका शिक्षा शाखाद्वारा हुने सम्पूर्ण प्रक्रिया नियमानुसार हुने भएकोले |
| १३ | **नियम ५६.** | एउटा स्थानीय तहबाट अर्को स्थानीय तहमा र एक स्थानीय तहको एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षक सरुवा गर्नुपर्ने अवस्थामा सम्बन्धित स्थानिय तह,सम्बन्धित विद्यालय व्यवस्थापन समिती र वडाको सिफारिसमा सरुवा सम्बन्धी कार्यविधीको परिधीभित्र पर्ने देखिएमा शिक्षा अधिकृतले राय सहित गाँउपालिका अध्यक्ष समक्ष पेश गर्नुपर्ने छ। | शिक्षक सरुवालाई सम्बन्धित वि.व्य.स., वडा सबैको जानकारी लिएर गाउँ शिक्षा समिति अध्यक्षको परामर्शमा गर्दा पारदर्शी हुने भएकोले |
| १४ | **नियम ५६.**<br>उपनियम ६ को च) मा व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमालाई हटाएर | अवस्था देखिएमा राख्ने<br><br>**उपनियम ६** को ज हटाउने | वि.व्य.स.लेउचित निकास दिन नसक्ने भएकोले<br>एकै विद्यालयमा कार्यरत रहदा शैक्षिकगुणस्तर अभिबृद्धिमा कठिनाई |
| | **नियम ५८** | अनिवार्य थप गर्नुपर्ने | |
| १५ | **नियम ६१ (७)**लाई हटाउने | **थप उपनियम १९** महिला शिक्षक तथा कर्मचारी सुत्केरी बिदामा रहेको समयमा निजको ठाँउमा विद्यालयको आवश्यकताका आधारमा सुत्केरी विदा अवधिभरका लागि गाँउपालिकाले तोकीएको पारिश्रमिक सहित बैकल्पिक शिक्षक नियुक्त गर्न सक्नेछ। तर यो व्यवस्था आ.व.२०८०/८१ देखि लागुहुनेछ\| | विद्यालयको पठनपाठनमा निरन्तरता कायम गर्दै समग्र पालिकाको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न |
| १६ | **नियम ८९ (च) उपनियम२** | सामाजिक परिक्षण गर्दा शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा जारि भएको सामाजिक परिक्षण मापदण्ड २०७८ लाइ आधार मानि गरिनेछ\| | गर्दा शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा नयाँ मापदण्ड जारि भइ कार्यान्वयनमा रहेकोले |
| १७ | **नियम १००** | विचार सर्वेक्षण गर्ने हटाउने | आवश्यक नदेखिएकोले |
| १८ | **नियम १०६**<br>वडा शिक्षा समिति :<br>क )वडा अध्यक्ष-अध्यक्ष<br>ख )वडा समितिका सदस्यहरु मध्ये वडा | क) ठिक<br>ख) ठिक<br>ग) उच्चतम कक्षा संचालन भएको हटाउने<br>: वडा भित्र रहेका विद्यालयको प्र.अ. मध्येबाट वडा समितिले तोकेको प्र.अ,<br>घ) ठिक | वडा शिक्षा समिति, गाउँ शिक्षा समिति र शिक्षा शाखाबिच सहकार्य गर्दासमग्र पक्षको सुधारमा सहयोग पुग्ने |



मालारुङ्गे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| | समितिको वैठकले सिफारिस गरेको एक जना- सदस्य<br>ग )उच्चतम कक्षा संचालन भएको विद्यालयको प्र.अ.मध्येवाट वडा समितिले तोकेका प्र.अ.- सदस्य<br>घ ) विद्यालयका व्यवस्थापन समितिका अध्यक्षमध्ये वडँ समितिको वैठकले सिफारिस गरेको एक जना- सदस्य<br>ङ ) वडा भित्रका शिक्षा प्रेमीहरु मध्येवाट कम्तीमा एकजना महिला सहित वडा समितिले तोकेको २ जना-सदस्य<br>च ) वडा सचिव-सदस्य सचिव | ङ) वडा भित्रका शिक्षा प्रेमीहरु मध्येबाट वडा समितिले मनोनित गरेको १ जना<br>च) शिक्षा अधिकृत वा शिक्षा शाखाको प्रतिनिधि १ जना<br>छ) वडा भित्रका शिक्षा प्रेमीहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना<br>ज) वडा भित्रका विद्यालय शि.अ. संघ अध्यक्षहरु मध्ये वडा समितिले मनोनित गरेको १ जना | उच्चतम भन्दा पनि सबै विद्यालयबाटसमाबेश गर्दा उपयुक्त<br><br>शि.अ.संघको प्रतिनिधत्व गराउदा शैक्षिक गुणस्तरमा थप सुधार तथा अभिभावक लाई जिम्मेवारी र अपनत्व हुने |
| १९ | **नियम१०३** | **उपनियम१** थप्नुपर्ने<br>उपनियम१ को ठ मा थप्नुपर्ने सामुदायिक विद्यालयमा अध्यायपनरत शिक्षक कुनैपनि सरकारी,गैह र सामाजिक सघं संस्था,सहकारी र स्थानीय क्लब जस्तामा सञ्चालक वा पधादीकारी हुनुहुदैन हाल उक्त सघं संस्थाहरुमा कार्यरत रहेमा यस नियामावली स्वीकृत भएको सात दिन भित्र राजिनामा दिई सोको जनाकारी शिक्षा शाखामा गराउनुपर्ने छ ।तर माथि जेसुकै लेखे तापनि सम्प्रक्षक र सल्लाहकार समितिमा बस्न बाधा पर्ने छैन ।(सञ्चालक वा पधाधिकारी भन्नाले सम्क्षिप्तमा उल्लेख गरिने छ) | शिक्षकहरुले आफ्नो पदिए मर्यादा तथा आचारसंहिता विपरित अन्य संघ सस्थामा काम गर्नाले सार्वजनिक शिक्षाको गुणस्तरमा परेकोले साथै आफ्नो पेशा प्रति थप उत्तरदायित्व बहन गराउन तथा नैतिकताको विषय पनि जोडिएको |
| २० | **नियम १०७** | ख) सामाजिक बिकास समितीका संयोजक<br>ग) शिक्षा शाखा प्रमुख वा प्रतिनिधी | विद्यालय अनुगमनमा शिक्षा क्षेत्र हेर्ने सा.वि.स. संयोजकर विद्यालयको तथ्यांक, अभिलेख तथा निकासा हेर्ने कर्मचारीलाई समाबेश गर्दा अनुगमन थप व्यवस्थित हुने |

माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

आज्ञाले,
बेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

माछापुच्छ्रे गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय

मूल्यः रु. २०।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की